स्वतन्त्रता दिवस विशेषाङ्क

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५१ गान्तोक, (बुधबार) अगस्त १५, २०१८ अङ्क ३३

## स्वतन्त्रता दिवसको अवसरमा राज्यपालको सन्देश



राज्यपाल श्रीनिवास पाटिल

हाम्रो महान राष्ट्रको स्वाधिन्ताको ७१औं वर्षगाँठको यस पावनअवसरमा म सिक्किमवासी साथै देशवासीप्रति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। हाम्रा वीर अनि साहसी सपुतहरूलाई श्रद्धाञ्जली अर्पण गर्ने यो महान अवसर हो जसको सर्वोच्च बलिदानले विदेशी शासनबाट हामीलाई स्वतन्त्रता प्राप्त भयो।

देश दशकौंदेखि लामो यात्रा तय गर्नका साथै आज एउटा वृहत अर्थव्यवस्थाको रूपमा विकसित भएको छ। संविधानमा प्रतिष्ठापित प्रजातान्त्रिक मूल्यलाई व्यवस्थित सामाजिक-आर्थिक परिणामसितै ध्यानपूर्वक पालन गरिएको, सम्हालिएको अनि अप्नाइएको छ। आज भारत आर्थिक शक्तिका साथ अघि बढिरहेछ।

**प्रिय नागरिक,**

भारतको मुख्यधारमा सिक्किम वर्ष १९७५-मा २२औं राज्यको रूपमा गाभियो अनि यस राज्यले त्यस उपरान्त सबै क्षेत्रमा उत्कृष्टता हासिल गरेको छ। हामी उदाहरणीय राज्यको रुपमा परिचित हुनका साथै अन्यका लागि अनुकरण गर्ने नमुनाको रूपमा अघि आएका छौं।

यद्यपि, प्रगतिको यो गति निरन्तर हुनुपर्छ अनि विकासको गतिलाई अझ अघि बढाउन आवश्यक छ। म राज्यवासीसित सरकारको साथमा साथ मिलाएर काम गर्दै राज्यको विकास अनि समृद्धिको यात्रामा सहभागि बन्न अपील गर्दछु।

मानिसहरूको शान्ति, सद्भाव अनि सौहार्द सिक्किमको यूएसपी-मा हुनका साथै अन्य भारतीयहरूका निम्ति एउटा उदाहरण हो। विधिको नियम शासनको प्रभावी सिद्धान्त अनि सामाजिक न्याय र आर्थिक समृद्धिलाई सुनिश्चित गर्ने एउटा उपकरण हो। मेरो सरकारले किनारिकृत मानिस अनि आर्थिकरूपमा पछौटेवर्गलाई गर्वका साथ मनोरञ्जन गर्न, विकासको फल अनि समाजका सदस्यहरूमाझैं समृद्धि ल्याउनमा सहयोग पुऱ्याएर पूर्ण सुरक्षा अनि न्यायसंगत अवसर सुनिश्चित गरेको छ।

स्थापना कालदेखि नै, मेरो सरकार जनमैत्री अनि विकासमूखि रहेको छ। हामी त्यस समयदेखि व्यापक विकासको आफ्नो लक्ष्य, सिक्किमे समाजबीच शान्ति अनि सद्भावलाई बढावा दिने सेवाको गुणस्तरीय वितरणको प्रयासमा दृढ छौं। आज, हाम्रोमा यस्तो सरकार छ जसले विकासको असाधारण ट्र्याक रेकर्ड स्थापित गर्ने वादा प्रदान गर्दछ। आज समस्त राष्ट्रले विभिन्न क्षेत्रमा धेरै नविन्तम अनि नयाँ कार्यक्रमहरूका लागि सिक्किमलाई नमुनाको राज्यका रूपमा हेर्ने गरेका छन्।

यो मेरो सरकारको सकारात्मक विचार, विवेकपूर्ण कार्य अनि इमान्दार उद्देश्यको परिणाम हो। सिक्किम देशमै प्रगतिशील राज्यको रूपमा अघि बढनमा सफल भएको छ अनि दशकौंदेखि विभिन्न क्षेत्रमा असंख्यौं विकासका कार्यक्रमहरू गरेर मानक स्थापित गरेको छ। जैविक कृषि, खुल्ला शौचमुक्तको लक्ष्य प्राप्ति, पर्यावरणीय संरक्षणका उपाय, स्वच्छ ऊर्जा, पर्यावरण, शिक्षा अनि स्वास्थ्य आदि केही क्षेत्र हुन् जसमा सिक्किम प्रथम पङ्क्तिमा छ। वर्ष २०१८-को जनवरी महिनामा मौसम परिवरतन आयुक्त गठन गर्ने हाम्रो राज्य देशमै प्रथन बनेको छ। देशमै क्षमता विकासको अवधारणालाई बढुवा दिने पनि हामी पहिलो राज्य हौं। विश्वस्तरको पूर्वाधार अनि स्थान-स्थानमा उत्कृष्ट रूपमा परिभाषित अभियान अभिव्यक्तिद्वारा समर्थित समग्र विकासको उद्देश्यका साथ पूर्ण विकसित राज्य बन्ने आफ्नो लक्ष्यको दिशामा सिक्किम लामो छलाङ लगाउन तयार भइसकेको छ।

मेरो सरकारको पर्यावरणीय संरक्षणको माध्यमबाट टिकाउँ विकासको नीतिले समृद्ध लाभांश प्राप्त भएको छ। वन्य क्षेत्र विस्तार भएर ४७.८० प्रतिशत पुगेको छ। यूएनईएससीओ-द्वारा हालै कञ्चनजङ्घा राष्ट्रिय उद्यानलाई मिश्रित श्रेणीमा भारतकै पहिलो विश्व धरोहर स्थलको रूपमा लेखिनु सिक्किममात्र नभएर यो पूरा देशका निम्ति गौरवमय क्षण हो।

वर्ष २०१६-को जनवरी महिनामा सिक्किम पहिलो जैविक राज्य घोषित भयो। त्यसपछि यहाँ धेरै गतिविधि अनि कार्यक्रमहरू भए। जैविक सिक्किम अभियानको दोस्रो चरणमा हामी फसल बढाउन, यहाँको उत्पादलाई राज्य बाहिर बिक्री गर्न अनि अधिशुल्क मूल्य वर्धित उत्पादको उत्पादनमा बढुवाका लागि प्रौद्योगीकीको प्रयोगमाथि ध्यान केन्द्रित गरिरहेका छौं। यस अतिरिक्त, जीआई ट्याग‍िङको माध्यमबाट, ब्राण्ड एम्बासेडरको नियुक्ति गरेर अनि होमस्टे र कल्याणकारी पर्यटनलाई जोडेर जैविक सिक्किम ब्राण्डको आक्रामक ब्राण्डिङ अनि बजार विपणनका लागि प्रयाश गरिँदैछ। यसका साथै, हामी संस्थागत क्रेताहरू, अन्य देश अनि ई-वाणीज्य टोलीहरूसित वितरणको सम्बन्धलाई अघि बढाउँदैछौं। मेरो सरकारले राज्य बाहिरबाट

रहल पृष्ट २-मा...

## स्वतन्त्रता दिवसको अवसरमा मुख्यमन्त्रीको सन्देश



मुख्यन्त्री पवन चामलिङ

देश तथा सिक्किमका अति आदरणीय नागरिकगण,

महान् देश भारतको ७२औं स्वाधीनता दिवसको अवसरमा सिक्किमेली जनगणलगायत सम्पूर्ण देशवासीप्रति हार्दिक शुभेच्छा र अभिनन्दन चढाउन चाहन्छु।

यस अवसरमा देशलाई विदेशी उपनिवेशवादीहरूको हातबाट मुक्ति दिलाउनुहुने अति श्रद्धेय शहीदहरूको सम्झना गर्दै उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्नचाहन्छु। हाम्रो देशलाई स्वाधीनता दिलाउनुहुने राष्ट्रपिता महात्मा गान्धी, पण्डित नेहरूलगायतका महापुरुषहरूबाट आज पनि हामी प्रेरणा लिइरहेका छौं। यस गौरवशाली अवसरमा शहीदहरूको बलिदानले आर्जन गरेको स्वतन्त्रतालाई सुरक्षा गर्ने प्रण गर्दै देश निर्माणमा हामी सबै एकसाथ भएर आफ्नो तर्फबाट योगदान दिने हार्दिक अनुरोध गर्दछु।

आदरणीय सिक्किमेली सह-नागरिकगण,

सर्वप्रथम म सिक्किमका पूर्व राज्यसभा सांसद तथा मङ्गोलियाका निम्ति भारतीय राजदूत स्व. कर्मा तोप्देनको दुःखद निधनप्रति गहिरो शोक व्यक्त गर्दछु। उहाँ लामो समयदेखि अस्वस्थ हुनुहुन्थ्यो। त्यसरी नै सिक्किम विधानसभाका पूर्व सदस्यहरू स्व. लक्षुमण लेप्चा अनि स्व. गोपाल लामिछानेको दुःखद निधनप्रति पनि शोक व्यक्त गर्दछु र उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्नचाहन्छु। उहाँहरूले राज्यलाई दिनुभएको निःस्वार्थ सेवालाई हामी सधैँ याद राख्नेछौं। परम्शक्तिशाली ईश्वरले उहाँहरूको आत्मालाई परम्शान्ति प्रदान गरून् भन्ने प्रार्थना पनि गर्दछु।

तपाईंहरूलाई विदितै छ, हाम्रो देशले विभिन्न समस्या र चुनौतीहरूको सामना गर्दै यहाँसम्म आइपुगेको छ। हामीलाई गर्व छ कि सुदक्ष नेतृत्व, दूरदर्शी सोच एवम् परिपक्व मार्गदर्शनले सबै समस्या र चुनौतीहरूलाई सामना गर्न देश सधैं सक्षम बनेको छ। त्यसैले स्वाधीनतापछि हाम्रो देशले सामाजिक-आर्थिक क्षेत्रमा सतत प्रगति गरेको छ। विज्ञान एवम् तकनिकी, कृषि, ग्रामीण विकास एवम् सशक्तीकरण तथा सूचना प्रौद्योगिकीका क्षेत्रमा देशले धेरै प्रगति गरिसकेको छ। सूचना प्रौद्योगिकीको क्षेत्रमा भएको प्रगतिले धेरै बहुराष्ट्रिय कम्पनीहरूलाई देशमा आकर्षित गर्नसकेको छ। त्यसैको फलस्वरूप देशमा प्रत्यक्ष विदेशी निवेश उत्साहजनक रहेको छ र बजार अर्थतन्त्र सशक्त भएर गएको छ। पछिल्लो समयमा सिक्किमले ठोस प्रगतिहरू गरेको छ। हामीले राज्यको वस्तुस्थितिलाई ध्यानमा राखेर उपलब्ध प्राकृतिक संसाधन एवम् शक्तिहरूको आधारमा योजनाबद्ध विकास रणनीति तयार पारेका छौं। पछिल्ला २४ वर्ष सिक्किमको निम्ति अत्यन्त प्रतिफलमूलक र उपलब्धिमूलक रहेका छन्। त्यसैले

रहल पृष्ट २-मा...

## स्वतन्त्रता दिवसको अवसरमा राज्यपालको.....

किन्ने अजैविक साग-सब्जीमाथि पनि प्रतिबन्ध लगाएको छ। यसको प्रारम्भिक असुविधा बाहेक यो एउटा सफलता थियो। आज बजारमा पर्याप्तमात्रामा जैविक साग-सब्जी उपलब्ध छ। स्थानीय कृषकहरूलाई घरेलु उपभोगका लागि अधिक मात्रामा जैविक साग-सब्जी उत्पन्न गर्न अजैविक साग-सब्जीमा प्रतिबन्ध प्रोत्साहनको माध्यम बन्यो।

राज्यले दशकौंदेखि स्वास्थ्य देखभाल उपायहरू तयार गर्नमा धेरै प्रगति गरेको छ। स्वस्थ सिक्किमका लागि मुख्यमन्त्री व्यापक वार्षिक अनि समग्र जाँच (सीएमटीसीएच) जस्तो योजनाले वार्षिक अनि सामयिक आधारमा व्यापक स्वास्थ्य देखभाल उपलब्ध गर्ने लक्ष्य राख्दछ। मुख्यमन्त्री जीवन रक्षा कोषअन्तर्गत सम्पूर्ण सिक्किमवासी रू. २ लाखसम्मको नगद/नगद रहित उपचारको लाभ प्राप्त गर्न योग्य छन्। यसअतिरिक्त, सरकारी कर्मचारीहरूले रू. ५ लाखसम्मको चिकित्सा जाँचका लागि प्रतिपूर्ति लाभ उठाइरहेका छन्।

३० जुलाई २०१८-को दिन मेरो सरकारले सर्भाइकल क्यान्सर विरूद्ध ९-देखि १४ वर्षको आयुवर्गका किशोरीहरूलाई खोप लगाउने ह्युमन पेपिलोमा भाइरस (एचपीभी) टिकाकरण अभियान शुरू गऱ्यो। यसका साथै, सिक्किम सबै जिल्लामा आधिकारिक रूपमा यो खोप शुरू गर्ने देशमै पहिलो राज्य बन्यो। यस कार्यक्रमको पहल यूएनआईसीईएफ अनि डब्ल्यूएचओ-सितको सहकार्यतामा शुरू गरिएको हो।

**प्रिय नागरिक,**

यस वर्ष मेरो सरकारले मुख्यमन्त्री स्टार्प अप योजना (सीएमएसएस)-को पहल शुरू गरेको छ जुन ऋणसित जोडिएको प्रवर्तकको योगदान वित्तीय सहायता योजना हो। यसको लक्ष्य ब्याङ्क अनुमोदित परियोजनाका लागि २५ प्रतिशतको अग्रभागको तमाम प्रवर्तक वित्तीय योगदान सहायता घटक उपलब्ध गर्नु हो। यस योजनाबाट कृषि, बागवानी, खाद्य प्रसंस्करण, पशुपालन, हथकर्घा अनि हस्तशील्प आदि सहित कुनै पनि क्षेत्रमा सम्पूर्ण लगानिका लागि रू. २० लाख प्रदान गरिन्छ।

यस व्यापारलाई कुनै पनि १८-देखि ४० वर्षको आयुवर्गका स्थानीय बेरोजगार युवा अथवा विद्यालय छोडेकाहरूले बढुवा दिनुपर्नेछ। केही सशर्त गैर निर्माण क्षेत्र परियोजनाको मामिलामा सीएमएसएस-अन्तर्गत स्वीकार्य वित्तीय सहायता ३५ प्रतिशत रहनेछ। अहिलेसम्ममा सरकारले प्राप्त गरेका १,४८४ आवेदनहरू ब्याङ्कलाई सिफारिश गरिसकिएको छ। ब्याङ्कले अहिलेसम्ममा २३२ प्रस्तावहरूलाई मञ्जुरी दिइसकेको छ। महिला सशक्तिकरण मेरो सरकारका निम्ति मुख्य प्राथमिकता बनेको छ। धेरै महिलामैत्री नीतिहरू कार्यान्वयन गरेर सबै सिक्किमे महिलाहरूलाई अधिकार अनि प्रतिष्ठा सुनिश्चित गरेको छ। महिलाहरूका लागि राज्य सरकारी नोकरीमा ३० प्रतिशत अनि पञ्चायत र शहरी स्थानीय निकायमा ५० प्रतिशत आरक्षण सुनिश्चित गरेको छ। अविवाहित महिला भत्ता योजनाअन्तर्गत वर्ष २०१७-को जुलाई महिनादेखि ४५ वर्षको उमेर पार गरेका गरीबी रेखा मुनीका अविवाहित महिलाहरूलाई रू. २,०००-को मासिक भत्ता प्रदान गरिँदैछ।

किनारिकृत क्षेत्र जस्तै भिन्न रूपले सक्षम व्यक्ति, वृद्ध-वृद्धा व्यक्ति, अनुसूचित जाति र अनुसूचित जनजाति, बालबालिका अनि महिलालाई ध्यानमा राखेर कमजोर वर्गको कल्याणलाई मध्यनजर गर्दै सकारात्मक हस्तक्षेप अनि पहलहरू शुरू गरिएको छ। महिलाको सशक्तिकरण अनि भलाइका लागि मेरो सरकारले विधवा पुनर्विवाह योजना, महिलाका लागि राज्य संसाधन केन्द्र अनि परिवार परामर्श केन्द्रको स्थापना जस्ता केही उपायहरूको पहल गरेको छ।

**प्रिय नागरिक,**

मेरो सरकारले शान्ति, सुरक्षा अनि राजनीतिक स्थिरताको सुनिश्चित गरेको छ। यसअतिरिक्त, सरकारले स्वच्छ भारत अभियानअन्तर्गत विभिन्न स्वचछताका पहलहरू आदिको माध्यमबाट पीआरआई-हरूमा सत्ता विभाजन अनि विकेन्द्रिकरणक्तिको अनगन्ति अग्रणी पहल गरेको छ। राज्यभरि वार्षिक विरूवा रोपण कार्यक्रम, रूख काट्नमा प्रतिबन्ध, प्लास्टिक प्रयोगमा प्रतिबन्ध, पटेकाको प्रयोग अनि स्टुबल जलाउनमा प्रतिबन्ध लगाउनाले राज्यमा पर्यावरणको गुणस्तरीय सुचकाङ्कमा धेरै सुधार आएको छ। मेरो सरकारका नीतिहरू केवल जनमैत्रीमात्र नभएर उनीहरूको परिणामलाई विचार गर्दा विख्यात अनि अविस्मरणीय भएका छन्। परिणामस्वरूप, सिक्किम समकालीन राष्ट्रिय अनि अन्तरराष्ट्रिय सामाजिक-राजनीतिक पृष्ठभूमिमा एउटा अमेट छाप छोड्नमा सक्षम बनेको छ। मेरो सरकारको कठिन परिश्रम अनि जनमैत्री नीतिको पहलले हाम्रो सानो अनि सुन्दर हिमाली राज्यमा अन्तरराष्ट्रिय पहिचान अनि प्रशंसा ल्याएको छ।

यस खुशीको अवसरमा, म पुलिस वीरता पुरस्कार विजेता, खेलाडी लगायत अन्य सफल व्यक्तित्वहरुलाई बधाई दिन चाहन्छु जसले गौरव हासिल गरेर राज्यलाई गर्वान्वित तुल्याएका छन्। म तपाईहरू सबैसित एक्यबद्ध र समर्पित अनि राज्यको विकासमा योगदान पुऱ्याउँदै आफ्नो कर्तव्यमा प्रतिबद्ध रहन आग्रह गर्दछु। म फेरी एकपल्ट आज यस समारोहमा सक्रिय रूपमा सहभागि बन्ने नानीहरु, एनसीसी, पुलिस जवान अनि अर्धसैनिक बलका जवानहरुलाई बधाई दिनचाहन्छु। म चाहन्छु कि तपाईले जेपनि गर्नुहुन्छ त्यसमा सयप्रतिशत दिनुहोस अनि सिक्किमलाई उत्कृष्ट साथै अधिक समृद्धशाली बनाउने मेरो सरकारको लक्षलाई अघि बढाउनमा सहयोग गर्नुहोस।

*****जय हिन्द*****

## स्वतन्त्रता दिवसको अवसरमा मुख्यमन्त्रीको ............

सिक्किम आज देशको एक प्रगतिशील एवम् सशक्त राज्य बनेको छ। हामीले थुप्रै नवान्वेषी योजनाहरू लागू गरेका छौं र सिक्किमेहरूको जीवनमा प्रत्यक्ष देख्न सकिने सामाजिक-आर्थिक परिवर्त्तनहरू ल्याउन सफल भएका छौं। आज सिक्किमका सबै क्षेत्रहरूमा ऐतिहासिक परिवर्तनहरू भएका छन्। हरेक क्षेत्रमा ठूल्ठूला विकासहरू भएका छन्। १९९४ सालमा सिक्किमको प्रतिव्यक्ति आय ९,३०० रुपियाँ थियो, जो २०१५-१६ मा ३,४०,७३० रुपियाँ भएको छ। हामी सरकारमा आउँदा राज्यको आन्तरिक राजस्व ४२.७२ करोड़ रुपियाँ थियो, त्यो अहिले १०४५.९७ करोड़ भएको छ। कुल राज्य घरेलु उत्पाद ४०० करोड़ रुपियाँ थियो, जो अहिले २२,००० करोड़ रुपियाँ भएको छ। त्यतिबेला गरीबी रेखामुनि ४१.४३ प्रतिशत मानिसहरू थिए, २०११-१२-मा त्यो जनसंख्या केवल ८.१९ प्रतिशत हुनपुग्यो। १९९३-९४ मा सिक्किमको साक्षरता दर ५६ प्रतिशत थियो, अहिले देशकै सबैभन्दा उच्च ९६.७२ प्रतिशत पुगेको छ। यसरी अर्थनैतिक सशक्तताको दृष्टिले मात्र नभई सबै दृष्टिले सिक्किम आज देशको अग्रणी राज्य बन्नपुगेको छ। राज्यको सामाजिक-सांस्कृतिक परिवेशमा उच्च स्तरको सुधार आएको कुरो तपाईंहरू आफै अनुभव गरिरहनुभएको छ। आदरणीय जन-समुदाय,मलाई यो भन्न पाउँदा खुशी लागेको छ कि राज्य सरकारले पे कमिटिको सिफारीशलाई स्वीकार गरेको छ र यस सिफारीशलाई लागू गरेको छ।केन्द्र सरकारले सुझाएको र स्वीकार गरेको तलब-भत्ताको साथमा वर्त्तमान कर्मचारी तथा अवकाशप्राप्त कर्मचारीहरूका निम्ति थप लाभहरू दिइएको छ। यीमध्ये कतिपय लाभ र सुविधाहरू निम्नप्रकार छन् :

१. निम्न तहका कर्मचारी तथा अधिकारीहरूलाई ५००-देखि १००० रुपियाँसम्मको मासिक परिवहन भत्ता दिइएको छ।

२.सिक्किममा पहिलोचोटि चार-चार वर्षमा लीव ट्राभल कन्सेसन दिइएको छ।

३. निम्न वर्गीय कर्मचारीका निम्ति निम्नतम् घरभाड़ा भत्ता केन्द्र सरकारको १८०० रुपियाँको तुलनामा ३५०० रुपियाँ दिइएको छ।

४. उच्च शैक्षणिक योग्यता भएका स्टाफ नर्सहरूलाई १-देखि २ इन्क्रीमेन्ट दिइने निर्णय गरिएको छ।

५. एस.एन.टी. ड्राइभरहरूका निम्ति मासिक १,००० रुपियाँ गह्रौं वाहन भत्ता दिइएको छ।

६. देथ कम् रिटायरमेन्ट ग्र्याचुटी(DEATH CUM RETIREMENT GRATUITY) १० लाखबाट बढ़ाएर २० लाख गरिएको छ।

७. पेन्सनरहरूको निम्ति मेडिकल रिलिफ १००० बाट बढ़ाएर २००० रुपियाँ गरिएको छ।

८. पावर विभागका सब-इन्स्पेक्टर तथा लाइन्सम्यानहरूका निम्ति ५०० रुपियाँको जोखिम भत्ता दिइनेछ। अन्य श्रेणीको निम्ति यो भत्ता ३०० प्रतिशतसम्म बढ़ाएर १०० रुपियाँदेखि ८०० रुपियाँसम्म गरिएको छ।

९. पुलिसहरूको ब्याण्ड अलाउन्स मासिक ३०० रुपियाँको दरले दिने निर्णय गरिएको छ।ॉ १०. निम्नतम् पेन्सन र पारिवारिक पेन्सन ३,७०० रुपियाँदेखि बढ़ाएर ९,००० रुपियाँ बनाइएको छ।

आदरणीय सिक्किमेली जन-समुदाय,

सिक्किमेली जनगणलाई २००८ देखि हाम्रै सरकारले केन्द्रीय आयकरबाट छूट दिलाएको कुरो तपाईंहरूलाई थाहै छ। त्यसै सालदेखि छोग्यालको पालाको आयकरबाट पनि हामीले सिक्किमेहरूलाई छूट दियौं। आज संसारमै आयकर नतिर्ने नागरिकहरू सिक्किममा मात्र छन्। हाम्रो सरकारको यस कदमबाट सिक्किमका अफिसर, कर्मचारी र धनीवर्गलाई सबैभन्दा बढ़ी आर्थिक लाभ भएको छ।

आदरणीय जन-समुदाय,

आजको यस स्वर्णिम अवसरमा हाम्रो सरकारका काम र उपलब्धिको चर्चा पनि म गर्नचाहन्छु र हामीलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय तहमा मिलेका स्यावासी र मान्यताको उल्लेख पनि म गर्न चाहन्छु।

### अर्ग्यानिक खेती

आज सिक्किम देश र विश्वकै पहिलो अर्ग्यानिक राज्य बनेको छ। हाम्रो सरकारले आर्जन गरेको यो वैश्विक उपलब्धि आज विश्वकै निम्ति टिकाउ विकासको उदाहरण बन्न पुगेको छ। हाम्रो यस उपलब्धिको विश्वभरिका जनगण र नीति निर्माताहरूले प्रशंसा गरिरहेका छन्।यस वर्षदेखि सिक्किमका अर्ग्यानिक कृषि गर्ने किसानहरूलाई हाम्रो सरकारले किसान पेन्सन योजना लागू गरेको छ। यस योजना अन्तर्गत अर्ग्यानिक कृषिमा संलग्न किसान पचास वर्ष पुग्दा मासिक एक हजार रुपियाँ पेन्सन दिइनेछ। यो नवोन्वेषी कार्यक्रम थाल्ने देशकै पहिलो राज्य सिक्किम हो।

### शिक्षा क्षेत्र

शिक्षा र स्वास्थ्य क्षेत्रलाई हाम्रो सरकारले सदैव उच्च प्राथमिकता दिएको छ। हामी सरकारमा आउँदा राज्यमा केवल एउटा कलेज र केही सिनियर सेकन्ड्री स्कूलहरू मात्र थिए। ऐले राज्यमा सातवटा युनिभर्सिटी, २६ वटा कलेज र प्रत्येक गाउँमा सिनियर सेकन्ड्री स्कूलहरू छन्। कलेज तहसम्म शिक्षा निःशुल्क गरिएको छ, जो देशमा अन्यत्र कतै छैन। राज्यको २० प्रतिशत योजना राशी शिक्षा क्षेत्रमा आवण्टन गरिएको छ। सिक्किमे विद्यार्थीहरूले युनिभर्सिटी तहको शिक्षा पनि सहजै पढ्न पाऊन् भनी हामीले आफ्नै स्टेट युनिभर्सिटी शुरु गरेका छौं। आज हामीले शिक्षा क्षेत्रका सबै पूर्वाधार निर्माण गर्ने काम पूरा गरिसकेका छौं।

### मुख्यमन्त्री मेरीट स्कलरशीप

यो स्कीम हामीले २०१०-मा शुरु गरेका हौं। आजसम्म ८१८ जना मेधावी विद्यार्थीहरू यस योजनाअन्तर्गत सिक्किम र सिक्किमबाहिरका प्रतिष्ठित स्कूलहरूमा पढ्ने सुअवसर पाएका छन्। यीमध्ये १७१ जना विद्यार्थीहरू राज्यबाहिरका स्कूलहरूमा पढ्दैछन्। यस योजनामा पढ़िरहेका प्रथम वर्षका विद्यार्थीहरू यसै वर्ष बाह्रौं श्रेणी उत्तीर्ण गर्दैछन्। विद्यार्थीहरूलाई प्रोत्साहित गर्नाका निम्ति यो योजनालाई हामीले कलेज तहमा पनि जारी राख्ने निर्णय गरेका छौं।मुख्यमन्त्री निःशुल्क छात्रवृत्ति योजना राज्यका उच्च शिक्षा आर्जन गर्नचाहने मेधावी विद्यार्थीहरूका निम्ति शुरु गरिएको योजना हो। यो योजना २०११-मा शुरु गरिएको हो। विश्वका २० सर्वोत्कृष्ट युनिभर्सिटीमा भर्ना पाउने सिक्किमे विद्यार्थीहरूका निम्ति यो योजना शुरु गरिएको हो। हाम्रो सरकारले युवा एवम् विद्यार्थीहरूको हित अनि कल्याणलाई सदैव ध्यान दिएको छ। युवाहरूको क्षमता एवम् दक्षता विकास गर्न विभिन्न उपाय र रणनीतिहरू अवलम्बन गरेका छौं। स्टेट क्यापसिटी बिल्डिङ इन्स्टिट्यूट (STATE CAPACITY BUILDING INSTITUTE), लाइब्लीवुड स्कूल(LIVELIHOOD SCHOOL), भोकेसनल इन्स्टिट्यूट (VOCATIONAL INSTITUTE) सीसीसीटी(CCCT), एटीटीसी(ATTC) आदिका साथमा चीफमिनिस्टर्स स्टार्ट अप् स्कीम(CHIEF MINISTER"S START UP SCHEME) पनि हामीले शुरू गरेका छौं। यस स्कीम अन्तर्गत आफ्नो उद्यम गर्नचाहने सिक्किमे युवाहरूलाई २० लाख रुपियाँको एकमुष्ठ रकम ३५ प्रतिशत वित्तीय सहयोग अर्थात् सब्सिडीसहित उपलब्ध गराएका छौं। उद्यमी युवाहरूले कृषि, बागवानी, पशुपालन, हतकर्घा-हस्तशिल्प, खाद्यप्रसंस्करण, पर्यटन, परिवहन वा अन्य व्यवसाय गर्नसक्नेछन्। स्टार्ट अप् स्कीमका निम्ति राज्य सरकारले कुल १,९९४ वटा आवेदन प्राप्त गरेको छ। यीमध्ये १,४८४ वटा आवेदनलाई ब्याङ्कमा पठाइसकिएको छ। हालसम्म २३२ वटा स्कीमहरू बयाङ्कबाट अनुमोदन भइसकेका छन्।अर्ग्यानिक कृषि वा अन्य सम्बन्धीत क्षेत्रहरूमा काम गर्न इच्छुक उद्यमीहरूका निम्ति सर्वोत्कृष्ट पेशेवर एवं वित्तीय सहयोग उपलब्ध गर्ने हाम्रो प्रयास छ।

### स्वास्थ्य सेवा

स्वास्थ्य क्षेत्रमा हाम्रो सरकारले उल्लेखनीय प्रगति गरेको छ। हामीले नयाँ-नयाँ स्वास्थ्य योजनाहरू लागू गरेका छौं। महत्वपूर्ण स्वास्थ्य सूचकहरूमा तीब्र सुधार आएको छ। स्वास्थ्य सेवाको गुणात्मक विस्तारले यो सम्भव भएको हो। राज्यमा एक हजार पलङ्गसहितको बहु-विशेषज्ञता अस्पताल निर्माणको कार्य पूरा हुन लागेको छ। सबै उपकरणहरू जड़ान भइसकेपछि चाँड़ै नै यो अस्पताल शुरू गरिनेछ। गरीबभन्दा गरीब जनतालाई पनि अति स्तरीय एवं गुणात्मक स्वास्थ्य सेवा सिक्किमभित्रै उपलब्ध गराउने हाम्रो सरकारको सपना अब चाँड़ै पूरा हुन लागेको छ। यो अस्पताल शुरु भएपछि सिक्किमका विमारीहरू दिल्ली, कोलकाताजस्ता शहरहरूमा रेफर गर्ने जरूरत पर्ने छैन। तपाईंहरूलाई यो जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ कि हाम्रो सरकारले सोकेथाङमा आफ्नै मेडिकल कलेज स्थापना गर्ने निर्णय गरेको छ। यसको निम्ति जमीन स्वास्थ्य विभागलाई हस्तान्तरण गरिसकिएको छ र भारत

रहल पृष्ट ३-मा...

# स्वतन्त्रता दिवसको अवसरमा मुख्यमन्त्रीको.....

सरकारबाट अनुमोदन पनि लिइसकिएको छ। हाम्रो सरकारले जुलाई २०१९ -देखि १०० विद्यार्थीको दरले सेसन शुरु गर्ने सैद्धान्तिक फैसला पनि लिइसकेको छ। यस कलेजमा १५ वटा पोस्टग्र्याजुएट सीट पनि रहनेछन्। निर्धारित समयमा सेसन शुरु गर्न स्वास्थ्य विभागले स्वास्थ्य एवम् परिवार कल्याण मन्त्रालय, भारत सरकारमार्फत् मेडिकल काउन्सिल अफ् इण्डियासँग आवेदन पनि गरिसकेको छ। शैक्षिक सत्र २०१८-१९ -देखि हाम्रो सरकारले साजोङमा फार्मेसी कलेज खोलेको छ। शिक्षकहरूलाई एडहक्रमा नियुक्ति दिइएको छ, र शिक्षकहरूको क्याडर पनि गठन गरिएको छ। एआईसीटीई (अखउढए) तथा फार्मेसी काउन्सिलको स्वीकृति लिइसकिएको छ। यहाँ कुल ६० सीट रहनेछन्। मलाई खुशी लागेको छ कि यस कलेजमा सिक्किमे विद्यार्थीहरूलाई निःशुल्क पढ़ाइनेछ। एस.टी.एन.एम.-मा भएको नर्सिङ स्कूललाई नयाँ अस्पताल भवनमा स्थानान्तरित गरिँदैछ र यसलाई बी.एस्सी. नर्सिङ कलेजको रूपमा बढ़ोत्तरी गरिँदैछ। यहाँ प्रति वर्ष ४० विद्यार्थीको सीट रहनेछ। सिक्किमे विद्यार्थीहरूलाई बी.एस्सी. नर्सिङ निःशुल्क पढ़ाइनेछ। १ अगस्त, २०१८ -देखि यसको सत्र शुरु भइसकेको छ। यसको साथमा चुवाटार सिङताम र क्योङ्सा गेजिङमा दुइटा ए.एन.एम. स्कूल पनि निर्माणाधीन छन्। यी स्कूलहरूलाई क्रमशः जी.एन.एम. स्कूलमा बढ़ोत्तरी गरिनेछ। पारम्परिक टिबेटन उपचार शिक्षणको निम्ति नाम्ग्याल इन्स्टिट्यूट अफ् टिबेटोलजीमा सोवा रिग्पा अथवा आम्जी कलेज शुरु गरिएको छ। वर्षेनी १० विद्यार्थीले यहाँ पढ्न पाउनेछन्। यसको निम्ति हाम्रो सरकारले ९ करोड़ रुपियाँको लागतमा कलेज बिल्डिङ निर्माण गरिरहेको छ। पश्चिम सिक्किमको क्योङ्सामा १० करोड़ रुपियाँको लागतमा ५० पलङ्को आयर्वेद अस्पताल पनि निर्माण गरिएको छ। क्षयरोग अर्थात् टी.बी.-को रोग स्वास्थ्य क्षेत्रको एउटा समस्या रहिआएको छ। राज्यमा हाल १,२४१ जना क्षयरोगीहरू उपचाराधीन छन्। हामीले एम.डी.आर. जस्ता घातक रोगको समस्यालाई उन्मूलन गर्ने प्रतिबद्धता लिएका छौं। हामी २०२२ -भित्र सिक्किमलाई क्षयरोगमुक्त गर्ने अभियानमा लागेका छौं। क्षयरोग लागेका रोगीहरूलाई नियमित उपचार दिनुसँगै मासिक ३,००० रुपियाँ दिइरहेका छौं। क्षयरोग लागेको बिमारीसम्बन्धी जानकारी दिनेलाई पनि रु. १००० इनाम दिइरहेका छौं। यसको निम्ति पञ्चायत, जनप्रतिनिधि, जनगणको सहभागितामा राष्ट्रिय-अन्तर्राष्ट्रिय संस्थानहरूको तकनिकी सहयोग लिएर बृहत् योजना तयार पारेका छौं। आज सिक्किमले सामना गर्नुपरिरहेको अर्को समस्या कम प्रजनन दरको समस्या हो। हाम्रो प्रजनन दर केवल १.२ प्रतिशत रहेको छ, जो राष्ट्रिय २ प्रतिशतको तुलनामा कम छ। जनसंख्या सन्तुलनको लागि हाम्रो प्रजनन दर २ प्रतिशत हुनु जरूरी छ। यसको निम्ति हाम्रो सरकारले अघिबाटै प्राउड मदर स्कीम शुरु गरेको छ। यस योजना अनुसार पहिलो शिशुको जन्मको समय आमालाई ७,००० रुपियाँ अनि दोस्रो शिशुको जन्ममा १०,००० रुपियाँ नगद पुरस्कार दिने नियम बनाएका छौं। त्यसको साथमा नवजात शिशुको पोषणको निम्ति मासिक ३०० रुपियाँको दरले ६ वर्षसम्म भत्ता पनि दिँदैछौं। महिला-आमाहरूका निम्ति छ महीनाको प्रसुती विदा अर्थात् सुत्केरी विदा पनि दिएका छौं। आमा र शिशुको स्वास्थ्य सुरक्षाको साथमा यस योजनाले दीर्घकालमा हाम्रो प्रजनन दर र लैङ्गिक अनुपातमा पनि सकारात्मक प्रभाव पार्नेछ। यस योजनालाई अझ सुदृढ़ीकरण गर्ने हाम्रो योजना छ र वर्ष २०१८-१९ -को बजेटमा यस योजनाका निम्ति २.२५ करोड़ रुपियाँको व्यवस्था गरिएको छ। हाम्रो सरकारले भर्खरै सिक्किम स्टेट इलनेस एसिस्टेन्स फण्ड(संशोधन) रूल्स(STATE ILLNESS ASSISTANCE FUND) (AMENDMENT) RULES) पारित गरेको छ। अब उसो स्टेट मेडिकल बोर्डले रेफर गरेका बी.पी.एल. श्रेणीका बिरामीहरूलाई बाटो खर्चको रूपमा अतिरिक्त २५,००० रुपियाँ दिनेछ। सिलगढी रेफर भएका बिमारीलाई १५,००० रुपियाँ दिइनेछ।

**वन एवम् पर्यावरण**

हाम्रो सरकारको पर्यावरणपक्षीय नीति र कार्यक्रमको फलस्वरूप आज सिक्किमको वन क्षेत्र ४ प्रतिशत बृद्धि भएको छ। यसले वन्य प्राणी एवम् वन्य उद्भीदहरूको अभिवृद्धिमा पनि टेवा पुऱ्याएको छ। विश्वका अन्य भागहरूमा वन्य क्षेत्र घटिरहेको समयमा सिक्किमले आफ्नो वन क्षेत्र बढ़ाएर विश्वमा पर्यावरण संरक्षणको उदाहरण पेश गरेको छ। राज्यको ८२ प्रतिशत भूगोलभित्र सिक्किमका पशु-पंक्षी एवम् पौधाहरू फैलिएका छन् र राज्यमा आठवटा वन्यजीव संरक्षण क्षेत्रहरू छन्। यस आधारमा सिक्किम प्राकृतिक संसाधन संरक्षणको क्षेत्रमा देशकै अगुवा राज्य बनेको छ। २६ जुलाई, २०१८ -को दिन हाम्रो वन्य संरक्षण कार्यको प्रशंसा गर्दै अन्तर्राष्ट्रिय तहबाट मान्यता मिलेको छ। तपाईंहरूलाई जानकारी दिन चाहन्छु कि कञ्चनजङ्घा जीवमण्डल वा बायोस्फीयर(BIOSPHERE)लाई युनेस्कोद्वारा वर्ल्ड नेटवर्क अफ् बायोस्फीयर रिजर्भ(WORLD NETWORK OF BIOSPHERE RESERVE)-मा सम्मिलित गरेको छ। हाम्रो कटिबद्धता र कठोर परिश्रमले यो वैश्विक सम्मान र मान्यता सिक्किमले पाएको छ।

**सड़क**

रेल वा हवाई मार्ग नभएको अवस्थामा हाम्रो परिवहन वा यातायातको एकमात्र माध्यम सड़क मार्ग रहिआएको छ। सिक्किमको अर्थनैतिक विकासमा सड़क मार्गको महत्व स्वतः स्पष्ट छ। हाम्रो सरकारले सड़क नेटवर्कलाई सुदृढ़ीकरण गर्ने कार्यलाई उच्च प्राथमिकता र महत्व दिएको छ। जरूरत भएका ठाउँहरूमा नयाँ सड़क खन्ने काम पनि जारी राखिएको छ। सड़कहरूलाई गुणात्मक विकास गर्ने कामलाई हामीले उच्च प्राथमिकता दिएका छौं। हामीले राज्य कोषबाट सड़क निर्माण वा सम्भरणका कामहरू गर्दागर्दै पनि नाबार्ड-एन.आई.डी.ए.-बाट १७५.७१ करोड़ रुपियाको लागतमा १४७.६३ कि.मी. सड़क बढ़ोत्तरी गर्ने निर्णय गरेका छौं। त्यसरी नै नाबार्ड-आर.आई.डी.एफ. अन्तर्गत ५०.४२ करोड़को लागतमा ४८.८१ कि.मी. सड़क बढ़ोत्तरी गर्ने निर्णय गरेका छौं। हुड्को चरण-१ अन्तर्गत २४१.९८ करोड़ रुपियाँको लागतमा २३५.४४ कि.मी. सड़क बढ़ोत्तरी गर्ने अनि चरण-२ अन्तर्गत १६७.३६ करोड़को लागतमा १६४.२९ कि.मी. सड़क बढ़ोत्तरी गर्ने निर्णय गरेका छौं। एसियन डेभलपमेन्ट ब्याङ्क अन्तर्गत ७५ मिलियन डलरको लागतमा २०० कि.मी. सड़क बढ़ोत्तरी गर्ने कुरो पनि विचाराधीन छ। भर्खरै समापन भएको ३२ दिने जनसम्पर्क अभियानको अवधिमा पनि राज्य सरकारले ५५० करोड़ रुपियाँको लागतमा ११०० कि.मी. नयाँ सड़क खन्ने कार्यलाई अनुमोदन गरिसकेको छ।अनेकौं समस्याहरूमाझ प्रतिकुलपरिस्थितिहरूमा पनि हाम्रो सरकार सड़क सम्पर्कलाई सधैं खुल्ला राख्न सफल रहेको छ।

**ग्रामीण प्रबन्धन एवम् विकास**

ग्रामीण जनगणको गुणात्मक जीवनमा हाम्रो सरकारले विशेष ध्यान दिएको छ। ग्रामीण पूर्वाधारहरू, विकास कार्यहरू गर्दा जनताको आवश्यकतालाई विशेष ध्यानमा राखिएको छ। हामीले ग्रामीण क्षेत्रका पेयजल, ढल निकासी, सड़क सम्पर्क, पैदल पूल, अन्य सुविधाजस्ता योजना र कार्यक्रमहरूलाई जनताको कल्याणलाई मध्यनजर राखेर कार्यान्वयन गरेका छौं। विगत दुई दशकको जनपक्षीय नेतृत्व, सुशासन र नवान्वेषी नीतिहरूले गर्दा विभिन्न योजनाहरू प्रभावकारी ढङ्गले कार्यान्वयन हुनसकेका छन्। ढल निकासी तथा आवासका क्षेत्रका कतिपय योजनाहरूलाई मिसन मोडमा अघि बढ़ाइएको छ।

हाम्रो सरकार गरीबहरूको उत्थानमा समर्पित छ, र सबैलाई आवास दिलाउने कामलाई प्राथमिकता दिएको छ। चीफ्मिनिस्टर्स रुरल हाउजिङ मिसन अन्तर्गत सबै कच्चा घरहरूलाई पक्का घर बनाउँदैछौं। २०२०-भित्र सिक्किमलाई देशकै पहिलो कच्चाघरमुक्त राज्य बनाउनेछौं। वर्ष २०१६-१७ अनि २०१७-१८ ग्रामीण सम्पर्कको क्षेत्रमा उल्लेखनीय वर्ष बनेको छ। २००१-को जनगणनामुताबिकका सबै आबादीलाई २०१९-भित्र सड़कले जोड़िसकिनेछ। आज राज्यभरि सड़क निर्माणका कामहरू चलिरहेका छन्। सिक्किमलाई देशकै पहिलो गरीबीमुक्त राज्य बनाउने हाम्रो सरकारको पहिलो प्राथमिकता हो। यो लक्ष्यलाई प्राप्त गर्न पूर्व र उत्तर सिक्किमका सबै ब्लकहरूमा सिक्किम रूरल लाइब्लीवुड मिसन (SIKKIM RURAL LIVELIHOOD MISSION)-ले महत्वपूर्ण भूमिका खेल्नेछ। १,४८१ वटा स्वयं सहायता समूहहरू बनाइएका छन् र उनीहरू १४,९७७ घरहरूमा कार्यशील छन्। हामीले ग्रामीण पेय जललाई उच्च प्राथमिकता दिएका छौं। ग्रामीण इलाकाको ३२ प्रतिशत जनसंख्या ओगटेका ७५० गाउँहरूले प्रशस्त मात्रामा पेय जल पाइरहेका छन्। वर्ष २०१७-१८ -मा पनि हाम्रो सरकारले २३३ वटा रूरल वाटर सप्लाई अग्मेन्टेसन स्कीम (RURAL WATER SUPPLY AUGMENTATION SCHEME) र ५७ वटा आरडब्ल्यूएसएस रिपेयरिङ (RWSS REPAIRING) कामलाई अनुमोदन दिएको छ। हाम्रो सरकारले राज्यमा गौ-हत्यालाई प्रतिबन्धित गरेको छ। सिक्किम प्रीभेन्सन अफ् काउ स्लटर बील २०१७ (SIKKIM PREVENTION OF COW SLAUGHTER BILL, 2017) पास गरी राज्य सरकारले मामरिङ र दोदकमा गौशाला निर्माण गर्ने निर्णय पनि गरेको छ। यी गौशालाहरू गाईको आश्रयस्थल हुनेछ र दीर्घकालमा निकम्मा गाईहरूको सम्भरण स्थल हुनेछन्। यी गौशालाहरूमा गाई गोठ, चारो भण्डार, शवगृह, पशु चिकित्सा केन्द्रका साथमा गौचरन र घाँसबारी पनि रहनेछ।फूटपाथ तथा फूटब्रीजहरूको निर्माणद्वारा ग्रामीण क्षेत्रको सम्पर्कलाई सहज बनाइएको छ। सड़क सम्पर्क नपुगेका ठाउँहरूका खोला-नालाहरूमा विभिन्न प्रकार र विभिन्न आकारका पूलहरू निर्माण गरिएको छ। जरूरत अनुसार स्टील फूट ब्रीज, कंक्रीट फूट ब्रीज, झोलुङ्गे पूलहरू निर्माण गरिएको छ। २०१७-१८ मा १४५ वटा नयाँ ग्रामीण फूट ब्रीजहरू अनुमोदन गरिएका छन्, जो यसै वर्षभित्र पूरा हुनेछन्। हाम्रो सरकारको एउटा अत्यन्त महत्वपूर्ण उपलब्धि भनेको पञ्चायतमार्फत् सत्ता हस्तान्तरण हो। ग्रामीण योजना र कार्यक्रमहरूलाई अन्तिम रूप दिन र कार्यान्वयन गर्न ग्रामसभालाई जिम्मा दिइएको छ। यस रूपमा सहभागितामूलक प्रजातन्त्रको अभ्यास गर्दैछौं। यसरी प्रशासनमा ग्रामीण तहको सक्रिय सहभागितालाई सुनिश्चित गर्ने हाम्रो प्रयास छ। निर्वाचित जनप्रतिनिधि एवम् पञ्चायत तहका अधिकारीहरूलाई नियमित तालिम र प्रशिक्षण दिँदै आएका छौं। ग्रामीण तहको प्रशासनलाई मजबूत गराउन ९ नयाँ ग्राम पञ्चायत युनिट अनि तीनवटा जिल्ला टेरिटोरियल समष्टिहरू सिर्जना गरेका छौं। पश्चिम सिक्किमको मंगलबारियामा नयाँ ब्लक डेभलपमेन्ट सेन्टर बनेपछि सिक्किममा ३२ वटा ब्लक डेभलपमेन्ट सेन्टर र ८ वटा ए.डी.सी.(विकास) कार्यालयहरू कार्यशील भएका छन्। ग्रामीण क्षेत्रका सबै विकास कार्यहरू पञ्चायतमार्फत् कार्यान्वयन गरिँदैछ। यसरी विकास कार्यहरूमा ग्रामीण जनगणको सहभागिता सुनिश्चित गरिएको छ। हाम्रो सरकारको निरन्तरको कोशिशले उल्लेखनीय परिणाम ल्याएको छ र ग्रामीण इलाकाका जनताका लागि अभूतपूर्व अवसरहरू सिर्जना भएका छन्। हामीले ढलनिकासीको काम शत-प्रतिशत पूरा गऱ्यौं। फलस्वरूप सिक्किम २००८-मै देशको पहिलो निर्मल राज्यको रूपमा पुरस्कृत हुनपायो। त्यसरी नै २०१६-मा पहिलो खुल्ला शौचमुक्त राज्यको रूपमा सिक्किमलाई पुस्कार प्राप्त भएको छ। हामीले राज्यको सम्पूर्ण स्वच्छतामा विशेष जोर दिएका छौं। राज्यलाई प्राप्त खुल्ला शौचमुक्त राज्यको पहिचानलाई सुदृढ़ीकरण गर्ने र राज्यको ठोस-तरल संसाधन व्यवस्थापनमा अहिले हामी विशेष ध्यान दिइरहेका छौं। राज्य सरकारले ग्रामीण रोजगारीलाई उच्च प्राथमिकता दिएको छ। यस क्षेत्रमा भारत सरकार तथा एजेन्सीहरूबाट हामीलाई थुप्रै पुरस्कार र मान्यताहरू प्राप्त भएका छन्। वर्ष २०१७-१८ -को निम्ति मात्र आजसम्म एमजी-नरेगा र पञ्चायतीराजको निम्ति हामीलाई सातवटा पुरस्कारहरू प्राप्त भइसकेका छन्। हाम्रो सरकार सिक्किमलाई रोजगारी, आर्थिक समृद्धि र विकासको बाटोमा अघि लैजान कटिबद्ध छ। हाम्रा प्रतिबद्धताहरूका निम्ति सम्पूर्ण संसाधनहरू उपयोग गर्न हामी वचनबद्ध छौं। सरकारका नीति र विकास रणनीति जनताका आकांक्षाहरूलाई परिपूर्ति गर्न लक्ष्यित छन्।हामी हाम्रा सामाजिक, अर्थनैतिक वा पूर्वाधारगत विकासहरूलाई सुनिश्चित उद्देश्य र दिशामा अघि बढ़ाउँदैछौं। हामीले आफ्नो प्राकृतिक संसाधनमा आधारित विकास मोडललाई अघि सारेका छौं। यस कार्यमा पर्यावरणीय संरक्षण र टिकाउ विकासलाई हामीले सर्वोच्चता दिएका छौं। विविधतामा एकतालाई प्रोत्साहित गर्दै आम जनतामा स्वामीत्व वा अपनत्वको भाव सिर्जना गर्न हामीले राज्यभरि कतिपय महत्वाकांक्षी योजनाहरू लागू गरिरहेका छौं। हाम्रा कतिपय पूर्वाधारगत विकासहरू यसप्रकार छन् :

**ज्ञानमन्दिर**

दीर्घमियादी लगानीका रूपमा हाम्रो सरकारले गान्तोकमा २.३६ ऐकर जमीनभित्र २०० करोड़ रुपियाँको लागतमा विश्वस्तरीय पुस्तकालय -ज्ञानमन्दिर- निर्माण गर्ने निर्णय गरेको छ। विश्वस्तरीय ज्ञानकेन्द्रको रूपमा यस पुस्तकालयले अन्तर्राष्ट्रिय एवं बौद्धिक समझदारी विकास गर्नेछ, सांस्कृतिक वस्तुहरूको सार र स्वरूपलाई विस्तार गर्नेछ, शिक्षा क्षेत्रको संसाधनको विकास र विस्तार गर्नेछ अनि सहभागी संस्थानहरूको क्षमता विकास गर्नेछ। यसको काम द्रुत गतिमा अघि बढ़िरहेको छ।

**फोक हिलिङ सेन्टर**

सिक्किमका पारम्परिक इतिहासलाई सङ्ग्रहण गरी सिक्किमको फोक हिस्ट्री सेन्टर निर्माण गरिँदैछ। सिक्किमको समृद्ध परम्परा र इतिहासलाई संरक्षण गर्दै लोक साहित्य, लोक सङ्गीत, पारम्परिक खाद्य, पारम्परिक उपचार विधिहरूको संग्रह र संरक्षण यहाँ गरिनेछ। सिक्किमेहरूको जीवन शैली, संस्कृति, परम्परासहित सबै सिक्किमे समुदायहरूको विशिष्ट पहिचानलाई दर्शाउने केन्द्रको रूपमा यसको विकास गरिनेछ। सिक्किमको लोक परम्पराको इतिहासलाई ठोस रूपमा व्यक्त गर्ने र संरक्षण गर्ने यसको उद्देश्य रहेको छ।

**परशुराम धाम**

तुमिनको बराङमा ५४ फीट अग्लो भगवान परशुरामको मुर्तीसहित परशुराम धाम निर्माण गर्ने निर्णय गरिएको छ। यसको काम शुरू भइसकेको छ।

**अष्ट चिरञ्जीवी धाम**

धार्मिक महत्वको अर्को योजना नागी नामथाङमा शुरू गरिएको छ। यहाँ अष्ट चिरञ्जीवीहरूको मुर्ती स्थापना गर्नुसँगै हनुमानको विशाल मुर्ती स्थापना गरिनेछ।

**एथ्निक कल्चरल सेन्टर**

पश्चिम सिक्किमको बढ़ियाखोपमा एथ्निक कल्चरल सेन्टर निर्माण गरिँदैछ। सम्पूर्ण सिक्किम जातिहरूको सांस्कृतिक धरोहर एवं सम्पदाहरूको संरक्षण र सम्वर्द्धनको निम्ति यो केन्द्रको निर्माण गरिँदैछ।

**तीन लामा मुर्ती**

योकसममा ऐतिहासिक तीन लामा गुरुहरू ङाडुप, श्याम्पो, छेन्पोको सालिग निर्माण गरिँदैछ।

रहल पृष्ट ४-मा...

## स्वतन्त्रता दिवसको अवसरमा मुख्यमन्त्रीको.....

**स्टच्याचु अफ् युनिटी**

रिश्नेनपोङमा भोटिया–लेप्चा–नेपाली समुदायको सामुहिक एकताको प्रतीक स्टच्याचु अफ् युनिटी निर्माण गरिँदैछ।

**मगरजुङ सेन्टर**

मगरजुङको ऐतिहासिक स्थललाई सिक्किमका मंगरहरूको सांस्कृतिक केन्द्रको रूपमा विकास गरिंदैछ। सिक्किमका एक आदिम रैथाने समुदाय मंगरहरूको यस ऐतिहासिक स्थलमा उनीहरूको संस्कृति, परम्परा र जीवन शैलीको संग्रहालय स्थापना गरी विकास गरिनेछ।

**रिनाक र बढ़ियाखोपमा गौशाला**

पूर्व सिक्किम मामरिङ अनि पश्चिम सिक्किम दोदक, बढ़ियाखोपमा दुइवटा गौशालाहरू निर्माण गरिँदैछ।

**लेप्चा प्रिमीटिभ स्टडी सेन्टर**

उत्तर सिक्किमको अप्पर जङ्गुअन्तर्गत लिङथेममा लेप्चा प्रिमीटिभ स्टडी सेन्टर निर्माण गरिंदैछ। लेप्चाहरूको संस्कृति, परम्परा र जीवन शैलीको संग्रहण र संरक्षणको निम्ति यो सेन्टरको निर्माण गरिएको हो। यस सेन्टरको परिसरभित्र लेप्चा लोककथामा वर्णित लेप्चाहरूका आदिदेव पनु मनसोलुङको मुर्ती पनि राखिनेछ।

**कम्युनिटी स्टडी सेन्टर**

तामाङ, शेर्पा, राई, गुरुङ, भुजेल अनि अनुसूचित जाति समुदायका स्टडी सेन्टरहरू बनाइनेछ। सिक्किमका यी आदि रैथाने समुदायहरूका समृद्ध संस्कृति र परम्परालाई शोध तथा अन्य बौद्धिक अनुशीलनद्वारा सम्वर्द्धन एवम् प्रवर्द्धन गरिनेछ। राज्यका पुराना व्यापारीहरूको मागलाई ध्यानमा राख्दै रेसिडेन्सियल सर्टिफीकेटधारी सिक्किमवासीहरूका निम्ति थुप्रै सहुलियतहरू दिने अधिसूचना जारी गरिएको छ। उनीहरूका निमित्त निम्न सुविधा र सहुलियतहरू दिइएको छ :

१. राशन कार्ड

२. नगर पञ्चायत र नगरपालिका इलाकामा ट्रेड लाइसेन्स

३. नगर पञ्चायत वा नगरपालिका इलाकामा सरकारको अनुमोदनमा स्थावर सम्पत्तिको क्रय वा लीज

४. बीपीएल रेसिडेन्सियल सर्टिफीकेट भएकाहरूलाई ट्याक्सी पर्मिट

५. ड्राइभिङ लाइसेन्स

६. सरकारी शैक्षिक संस्थानहरूमा भर्ना

७. निःशुल्क किताब, युनिफर्म, मिड–डे मील(बीपीएल)

८. कलेज फी मिनाहा(बीपीएलका निम्ति)

९. सरकारी अस्पतालहरूमा निःशुल्क उपचार सेवा(बीपीएलहरूका निम्ति)

१०. अन्य सबै कल्याण योजनाका शर्तहरू पूरा गरेबमोजिमका सुविधा र सहुलियतहरू। राज्यमा आवासीय प्रमाणपत्रधारी नागरिकहरूलाई यथेष्ठ सुविधाहरू दिइएको छ। यद्यपि पेशेवर अवसर तथा सरकारी नोकरी सिक्किम सब्जेक्टधारी र उनका सन्ततिका निम्ति सुरक्षित रहनेछन्। शहर–बजार वा ग्रामीण इलाकामा ट्रेड लाइसेन्स अरूलाई चलाउन नदिने नियमलाई सख्त बनाइएको छ। सिक्किम शान्ति र सुखको बासभूमि रहिआएको छ। यहाँका जनगण पूर्ण जातीय सद्भावनमा बाँचेका छन्। शान्त परिवेश, मैत्रीपूर्ण जन–व्यवहार, राजनैतिक स्थिरता र कुशल प्रशासनले विभिन्न मानिसहरूलाई यहाँ आकर्षित गरेको छ। राज्यमा भइरहेका विकास कार्यहरूले गर्दा श्रमिक–मजदूरहरूको माग धेरै छ। श्रमिकहरू सड़क तथा आवास निर्माण, फार्मास्युटिकल युनिट, फ्याक्ट्री र अन्य क्षेत्रहरूमा काम गर्दैछन् र राज्यको विकासमा योगदान दिइरहेका छन्। उल्लेखनीय छ कि राज्यमा आजसम्म कुनै ठूलो मजदूर समस्या देखा परेको छैन र तालाबन्दीको एउटै घटना पनि घटेको छैन। राज्यमा मजदूर वर्गको हित सुरक्षाका निम्ति विभिन्न नियम–कानूनहरू बनाइएका छन्। भर्खरै हाम्रो सरकारले मजदूर सुरक्षा(संशोधन) ऐन, २०१८ पारित गरेको छ, जसलाई चाँड़ै लागू गरिँदैछ। मजदूरहरूलाई यसको साथमा निम्न सुविधाहरू पनि दिइएको छ :

.१. सबै इकाईहरूमा मजदूरहरूलाई यातायात भत्ता दिनुपर्ने प्रावधान सिर्जना गरिएको छ

२. मजदूरहरूको पेशागत प्रगतिको निम्ति नियमित तालिमको व्यवस्था सम्बन्धीत इकाईले गर्नुपर्नेछ

३. मजदूरहरूको कार्यकुशलताको आधारमा वार्षिक इन्क्रीमेन्ट दिनुपर्नेछ

४. हरेक वर्ष मजदूरहरूलाई १० दिनको तलब–भत्तासहित छुट्टी दिनुपर्नेछ

५. जन–गुनासो सुनुवाई कमिटि गठन गर्नुपर्नेछ। सरकारी नोकरी शत प्रतिशत सिक्किम सब्जेक्टधारीलाई दिने नियमलाई पूर्ण सुरक्षा गर्दै गैर सरकारी क्षेत्रका संस्थानहरूमा पनि ९० प्रतिशत नोकरी सिक्किमे रैथानेहरूलाई दिनुपर्ने कानून बनाइएको छ। अब उप्रान्त सिक्किमका गैर सरकारी व्यावसायिक संस्थान वा इकाईहरूमा अनिवार्य रूपमा ९० प्रतिशत सिक्किमेहरूलाई नोकरी दिनुपर्ने प्रावधान बनाइएको छ।

**सामाजिक न्याय अनि सशक्तीकरण**

राज्यमा महिला सशक्तीकरणलाई उच्च प्राथमिकता दिएका छौं। सरकारले सबै समुदायलाई सामाजिक न्याय सुनिश्चित गरिदिएको कारण राज्यमा शान्ति र जातीय सम्प्रीतिको वातावरण कायम भएको छ। दिव्याङ्ग, बृद्ध–बृद्धा, अनुसूचित जाति, जनजाति, महिला तथा शिशुहरूका निम्ति सकारात्मक नीतिहरू कार्यान्वयन गरिएको छ। शहरी तथा स्थानीय निकायहरूमा महिलाहरूका निम्ति ५० प्रतिशत सीट आरक्षण गरिएको छ। त्यसरी नै सरकारी नोकरीमा महिलाहरूलाई ३० प्रतिशत सीट आरक्षण हामीले दिएका छौं। महिलाहरूलाई दिइएको सरकारी नोकरीको आरक्षणलाई अब हामी ३३ प्रतिशत बनाउनेछौं। महिलाहरूका अधिकारको सुरक्षाका निम्ति आवश्यक कानूनहरू बनाइएका छन्। स्टेट वुमन्स कमीशन (STATE WOMEN COMISSION) तथा बाल सामाजिक कल्याण बोर्ड गठन गरिएको छ। महिलाहरूलाई घर तथा अफिसमा हुने हिंसाबाट बचाउन प्रोटेक्सन अफ् वुमन फ्रम डोमेस्टिक भोयलेन्स एक्ट, २००५(PROTECTION OF WOMEN FROM DOMESTIC VIOLENCE ACT, 2005) अनि प्रोविजन अफ् सेक्सुअल ह्यारेसमेन्ट अफ् वुमन एट वर्क प्लेस(प्रिभेन्सन, प्रोहिबिसन एण्ड रिड्रेसल) एक्ट, २०१३(PROVISION OF SEXUAL HARRASMENT OF WOMEN AT WORK PLACE-PREVENTION, PROHIBITION & REDRESSAL-ACT, 2013) पारित गरिएको छ। विधवा विवाह योजना, स्टेट रिसोर्सेज सेन्टर फर वुमन (STATE RESOURCES CENTRE FOR WOMEN) अनि फ्यामिली कौंसिलिङ सेन्टर(FAMILY COUNSELLING CENTRE) आदि नारीहरूलाई सशक्तीकरण गर्ने उद्देश्यले गठन र स्थापना गरिएको छ। पछिल्लो २४ वर्षमा सिक्किमे नारीहरूको जीवनमा लक्षणीय परिवर्तनहरू देखा परेका छन्। राजनैतिक सशक्तीकरण, सामाजिक समता, आर्थिक समृद्धि सबै क्षेत्रहरूमा यो परिवर्त्तन देख्नसकिन्छ। राज्य सरकारले भर्खरै ३२ दिनव्यापी जन–सम्पर्क अभियान पूरा गरेको छ। यस क्रममा हरेक समष्टिमा सरकारले थुप्रै योजनाहरू घोषणा गरेको छ। तीमध्ये कतिपय घोषणाहरू यसप्रकार छन् :

१. विभिन्न समष्टिहरूका निम्ति घोषणा गरिइएका विकास योजनाहरूका लागि एकमुष्ठ एक हजार करोड़ रुपियाँ अनुमोदन गरिइएको छ।

२. सिक्किम देशमै सर्वाधिक सड़क घनत्व भएको राज्य हो। पहिलेका १,८०० किलोमीटर सड़कको लम्बाई आज ८,००० किलोमीटर भएको छ। रहेका र छुटेका गाउँहरूको सम्पर्कको लागि थप १,१०० किलोमीटर बाटो खन्ने अनुमोदन दिएको छ।

३. राज्य सरकारले तलका सबै कामहरू गर्ने सैद्धान्तिक फैसला लिइसकेको छ। यसमध्येका कतिपय कामहरूलाई अनुमोदन पनि दिइसकेको छ। यी कामहरू हुन् : स्कूल बढ़ोत्तरी। पी.एच.एस.सी.–लाई पी.एच.सी.–मा बढ़ोत्तरी। नयाँ पी.एच.एस.सी.–को निर्माण। झोड़ा बाँध्ने वा रक्षात्मक देवाल लगाउने काम। पूर्वाधारहरूको विकास र मरम्मति। साना सिँचाई, पिउने पानी, छुटेका घरहरूमा बिजुली जड़ान, ट्रान्स्फर्मरहरूको बढ़ोत्तरी। गुम्बा, मन्दिर, चर्च, माङहिम, माङखिम, क्रिमेटोरियम शेड, कम्युनिटी सेन्टर, खेलमैदान, स्कूल बिल्डिङ निर्माण आदि।

४. मलाई यो घोषणा गर्नपाउँदा खुशी लागेको छ कि अब उसो २ करोड़सम्मको कामको टेण्डर गाउँ तहमा नै गरिनेछ, र स्थानीय ठेकेदारले नै सो काम गर्नेछन्।

५. सरकारी नोकरी नभएका घर परिवारका एकजनालाई एम.आर. वा एडहकमा नोकरी दिने फैसला पनि हाम्रो सरकारले गरेको छ।

६. सिक्किम सब्जेक्ट भएका कुनै पनि एम.आर. कर्मचारीले बाहिरका केटोसँग विवाह गरेको खण्डमा पनि उसको नोकरी स्थायी गर्ने नियम बनाइएको छ।

७. साजोङमा होटल म्यानेजमेन्ट गरिरहेका र सोकेथाङ सरकारी मेडिकल कलेजमा भविष्यमा पढ्ने सिक्किमे विद्यार्थीहरूलाई निःशुल्क पढ़ाउने घोषणा म गर्दछु।

८. योकसममा ऐतिहासिक तीन गुरू लामाहरू ङाडुप, श्याम्पो, छेन्पोको सालिग निर्माण गरिँदैछ।

९. रिश्नेनपोङमा भोटिया–लेप्चा–नेपाली समुदायको सामुहिक एकताको प्रतीक स्टाच्यू अफ् युनिटी बनाइँदैछ।

१०. राज्यमा भएका 'ए' अनि 'बी' ग्रेडका स्पोर्ट्स एसोसिएसनलाई क्रमैले २० लाख अनि १० लाख रुपियाँ अनि सङ्गीत क्लब तथा साहित्यिक संस्थानहरूलाई दश लाख अनि पाँच लाख रुपियाँको वार्षिक अनुदान दिने घोषणा गर्दछु।

११. चीफ मिनिस्टर्स सेल्फ इम्प्लोयमेन्ट स्कीमबाट विगतमा लोन लिने लाभार्थीहरूको हितमा निम्न घोषणा गर्नचाहन्छु :

क) ५०,००० रुपियाँ वा त्यसभन्दा कम लोन लिने लाभार्थीहरूको लोन माफ गरिनेछ।

ख) ५०,००० रुपियाँभन्दा बढ़ी लोन लिने लाभार्थीहरूले ६० दिनभित्र लोन चुकाएमा ५० प्रतिशत साउँसहित ब्याज माफी दिइनेछ।

ग) लाभार्थीहरू जसले सरकारी नोकरी पाइसकेका छन् उनीहरूले ६० दिनभित्रमा लोन चुकाएमा ब्याज माफी गरिनेछ।

१२. राज्य सरकारले प्रत्येक पञ्चायतमा जनगुनासो सर्वेक्षक नियुक्त गर्ने निर्णय गरेको छ। सर्वेक्षकहरू प्रत्येक घर आँगनमा पुगेर जनगुनासो सुन्नेछन् र त्यसलाई ब्लक डेभलपमेन्ट अफिसमार्फत् सम्बन्धीत विभागमा पुऱ्याइनेछ।

आदरणीय सह–नागरिकगण,

देशमा जनताका निम्नतम् आवश्यकता पूरा गर्ने एकमात्र राज्य सिक्किम हो। सबै क्षेत्रहरूमा निम्नतम् पूर्वाधारहरू पूरा गरिएका छन्। सिक्किमको सन्दर्भमा कुरा गर्दा हामीले यो कुरो भुल्नुहुँदैन कि सिक्किम एउटा संवेदनशील सीमा राज्य हो। तर त्यसो भएर पनि हामीले यहाँ पूर्ण शान्ति कायम गरेका छौं। आज सिक्किम देशकै सबैभन्दा शान्तिपूर्ण राज्य हो। पूर्वोत्तरको अंग भएर पनि सिक्किमलाई हामीले उग्रवाद र अलगाववादबाट मुक्त राखेका छौं। सिक्किमलाई पूर्ण रूपले सुरक्षित राखेका छौं। तपाईंहरूलाई थाहै छ छिमेकी देश नेपालमा माओवादी बिद्रोहले चरम सीमा छुँदा पनि त्यसको प्रभावबाट सिक्किमलाई जोगायौं। यसरी नै विगत ३५ वर्षदेखि चलिरहेको दार्जीलिङ क्षेत्रको गोर्खाल्याण्ड आन्दोलनमा हुने बन्द, हड़ताल, हत्या र हिंसाबाट पनि सिक्किमलाई मुक्त राखेका छौं। सिक्किमको शान्ति र सुरक्षालाई जस्तै परिस्थितिमा पनि हामीले कायम राखेका छौं।२४ वर्षको हाम्रो कार्यकालमा सिक्किमलाई जात–पात, वर्ण र धर्मको आड़मा हुने भेदभावबाट मुक्त राखेका छौं। आज सिक्किम मात्र यस्तो राज्य हो, जहाँ साम्प्रदायिक झगड़ा र तनाव छैन। हामीले धार्मिक अनि जातीय सद्भावलाई सिक्किमे समाजकै पहिचान बनाएका छौं। त्यसैको फलस्वरूप आज सिक्किममा शान्ति, सुरक्षा र प्रगति हुनसकेको छ। यो कुरोलाई हामी आफ्नो सबैभन्दा ठूलो उपलब्धि मान्छौं र यो नै हामीले देश र विश्वको लागि दिएको योगदान पनि हो। यो वास्तवमा हामीले मानव समाजलाई दिएको योगदान हो।

सह–नागरिक सिक्किमे बन्धुहरू,

पछिल्ला २४ वर्ष केवल अपूर्व जनपक्षीय नीति निर्णयहरूको वर्षहरू मात्र रहेका छैनन्, अपितु राष्ट्रिय अनि अन्तर्राष्ट्रिय क्षेत्रमा अमेट छाप बसाउने उपलब्धिको समय पनि हुनसकेको छ। सिक्किमलाई केवल देशले मात्र होइन, सारा विश्वले चिनेको छ, र मानेको छ। सिक्किमको मान र इज्जत देश र विदेशमा फैलिएको छ। युनाइटेड नेसन्सका अनुसार दोस्रो विश्वयुद्धपछिको समयमा सिक्किममा झैं द्रूत गतिमा संसारमा कतै पनि गरीबी उन्मूलन हुनसकेको छैन। राज्यको समावेशी एवं समतामूलक नीतिको फलस्वरूप २००३–०४–मा ३०.९ प्रतिशत रहेको गरीबी २०११–१२ –मा ८.१९ प्रतिशतमा झऱ्यो। अर्थात् २२ प्रतिशत गरीबी यो अवधिमा कम भयो। हामीले सिक्किमलाई अति गरीबीमुक्त राज्य बनायौं। अब देशकै पहिलो र पूर्ण गरीबीमुक्त राज्य बनाउनेछौं। इण्डियन काउन्सिल अफ् मेडिकल रिसर्च(INDIAN COUNCIL OF MEDICAL RESEARCH), पब्लिक हेल्थ फाउण्डेसन अफ् इण्डिया(PUBLIC HEALTH FOUNDATION OF INDIA) अनि इन्स्टिटय्यूट फर् हेल्थ मेट्रिक्स एण्ड इभालुएसन(INSTITUTE FOR HEALTH METRICS AND EVALUATION)–को अध्ययन अनुसार सिक्किमेहरूको आयु १० वर्ष बढ़ेर गएको छ। १९९०–मा सिक्किमेहरूको हरदर आयु ६२.७ वर्ष थियो, २०१६–मा त्यो ७३.१५ वर्ष भएको छ। जीवनस्तरको विकासको दृष्टिले सिक्किम भारतको नम्बर एक राज्य ठहरिएको छ। जनताले अटुट शान्ति र सुरक्षा पाएका छन्। यस्तो देश र दुनियाँमा कतै भएको छैन। हाम्रो यो उपलब्धि मानव जातिकै लागि उपलब्धि हो। अन्तमा सिक्किमलाई पूर्ण स्वनिर्भर र स्वसक्षम बनाई सिक्किमेहरूलाई मर्यादापूर्ण र सम्मानजनक जीवन दिने राज्य सरकारको प्रतिबद्धता म फेरि पनि दोहोऱ्याउनचाहन्छु। सिक्किमलाई प्रगतिशील एवम् समृद्धिशाली राज्य बनाउने हाम्रो अभियानलाई हामी निरन्तर जारी राख्नेछौं।यस गौरवशाली क्षणमा सिक्किमलाई टिकाउ विकासको बाटोमा अघि बढ़ाउने प्रण गरौं। राज्यको शान्ति, श्रृंखला र स्थिरतालाई अझ सशक्त र सुदृढ़ बनाउने संकल्प दोहोऱ्याऔं। सिक्किमको नवान्वेषी, टिकाउ र जनकेन्द्रित विकास यात्रालाई आगामी दिनहरूमा पनि यथावत जारी राखौं।

धन्यवाद।

**जय हिन्द !**

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
*S.G.P.G - 500 / Nepali Herald 2500 Cps. 15.08.2018*